नेपाल उद्योग वाणिज्य महासंघ

स्टार्टअप एण्ड इन्नोभेशन फोरम

# बुलेटिन

२०८०-२०८२

Startup & Innovation Forum Bulletin ~ 2080-2082

# नेपालमा स्टार्टअप एण्ड इन्नोभेशन

नेपालको स्टार्टअपको इतिहास हेर्दा भण्डै १५ वर्ष पुरा भएको देखिन्छ। विश्वमा प्रविधि र इन्टरनेटमा पहुँच बढ्दै आएसँगै नेपाली युवाहरूमा पनि प्रविधिमा आधारित व्यवसायहरू आईटी, इ-कमर्स, फिनटेक, एग्रो-टेक, र पर्यटन लगायतका क्षेत्रमा नवउद्यम गर्नेहरू बढ्दै आएको पाईन्छ। यस बीचमा नवसोच वा नवप्रवर्तनकारी उद्यमहरू स्टार्टअप व्यवसायका रूपमा परिचित हुँदै र चुनौतीहरूको सामना गर्दै सफल उद्यमका रूपमा स्थापित हुँदै गएको देखिन्छ।

***महासंघको तत्कालिन स्टार्टअप एण्ड इन्नोभेशन समितिले उद्योग मन्त्रालय तथा अन्य विभिन्न सरोकारवालाहरूको समेत सहभागीतामा स्टार्टअपको परिभाषा, स्टार्टअपहरूलाई कर छुट सुविधा, सहुलियतपूर्ण कर्जाको उपलब्धता र वितरण, स्टार्टअप कोष तथा अधिकार सम्पन्न स्टार्टअप बोर्डको गठन लगायतका विषयहरूलाई समावेश गरि नेपाल राष्ट्रिय स्टार्टअप नीतिको मस्यौदा बनाई मन्त्रालयलाई हस्तान्तरण गरिएको थियो।***

महासंघले मिती २०८० असार २२ मा स्टार्टअप कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आफ्नो संस्थागत संरचना परिमार्जित गर्दै स्टार्टअप समितिको सट्टा कार्यकारिणी समिति सदस्य जूना माथेमाको सभापतित्वमा स्टार्टअप एण्ड इन्नोभेशन फोरमको गठन गऱ्यो। फोरम गठन लगत्तै स्टार्टअप विकासका लागि विभिन्न अध्ययनहरूबाट प्राप्त सुझाव, नवगठित फोरमका सदस्य तथा यस अघिको समितिले पहिचान गरेका महत्वपूर्ण विषयहरू समेतलाई समेटी नीतिगत पैरवी र जनचेतना (Policy Advocacy and Awareness Raising), अनुसन्धान र सिर्जनात्मक ज्ञान (Research and Knowledge Creation), क्षमता विकास (Capacity Building), स्टार्टअप र इन्नोभेशन प्रवर्द्धन (Startup and Innovation Promotion) तथा नेटवकिङ र सहकार्य (Networking and Collaboration) जस्ता प्रमुख पाँचवटा थिममा आधारित भई आफ्ना क्रियाकलापहरूलाई केन्द्रित गर्ने निर्णय अनुसार फोरमले काम गर्दै आएको छ।

स्टार्टअप एण्ड इन्नोभेशन फोरमले कार्यसम्पादनको सिलसिलामा हालसम्म १७ वटा मासिक बैठक आयोजना गरिसकेको, ईन्कुबेशन, आईडिया पिचिङ, NYEF Startup Award, राष्ट्रिय स्टार्टअप नीति तर्जुमा र सो को कार्यान्वयन, स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि (२०७९ देखी २०८२) हरूको निर्माण गर्न सम्लग्न रह्यो। यसैगरी व्यवसाय संवर्धन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८२, विद्युतिय व्यापार विधेयक २०८० निर्माणका लागि आवश्यक सुझावहरू उपलब्ध गराउनुका साथै गिग ईकोनोमि लगायत सरकार तथा विकास साझेदारबाट आयोजना गरिदै आएका स्टार्टअपसंग सम्बन्धित योजना तथा कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा भएका स्टार्टअप गतिबिधिहरूको जानकारी संप्रेशण गर्न महासंघले छुट्टै स्टार्टअप नेशनल नेटवर्क (WhatsApp Group) संचालन गरी सम्बन्धित सूचनाहरूको आदान प्रदानमा निरन्तर योगदान गर्दै आईरहेको छ।




# शुभकामना सन्देश



**चन्द्र प्रसाद ढकाल**
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

स्टार्टअप एण्ड इनोभेशन फोरमले आफ्नो तीन वर्षे कार्यकालको अवधिमा गर्दै आएको सिर्जनशील, प्रभावकारी र दूरदर्शी पहलहरूको प्रशंसा गर्दै, यस अवसरमा फोरमले गरेको कामहरूलाई समेटेर प्रकाशन गर्न लागेको बुलेटिनका लागि हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा स्टार्टअप तथा नवप्रवर्तन क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण छ। नवप्रवर्तनलाई प्रोत्साहन, प्रतिभावनलाई काम गर्ने वातावरण प्रदान गर्न तथा उद्यमशीलतालाई सबल बनाउन फोरमले पुऱ्याउँदै आएको योगदान प्रेरणादायी छ।

यस बुलेटिन मार्फत विगत तीन वर्षमा स्टार्टअप एण्ड इनोभेशन फोरमले गरेका प्रमुख गतिविधिहरू, उपलब्धिहरू र सिकाइहरू सबैसमक्ष पुऱ्याउन मद्दत पुग्ने मैले विश्वास लिएको छु।

महासंघका तर्फबाट, आगामी दिनमा पनि फोरमले नवीन सोच, उर्जाशील प्रयास र दिगो उद्यमशीलता मार्फत देशको आर्थिक समृद्धिमा अझ ठूलो योगदान पुऱ्याओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

यसैगरी, यस प्रकाशनमा संलग्न स्टार्टअप एण्ड इनोभेशन फोरम र महासंघ सचिवालयलाई धन्यवाद ज्ञापन गर्दै सफलताको कामना गर्दछु।

धन्यवाद।



**जूना माथेमा**
सभापति
स्टार्टअप एण्ड इनोभेशन फोरम

स्टार्टअप एण्ड इनोभेशन फोरमको तीन वर्षे कार्यकालको अवधिमा हामीले उद्यमशीलता, नवीनता र सहयोगी वातावरणलाई प्रवर्द्धन गर्दै, स्टार्टअप पर्यावरण (Startup Ecosystem) मा महत्वपूर्ण यात्रा तय गर्न सफल भएका छौं। यस यात्रामा साथ, समर्थन र सक्रिय सहभागिता प्रदान गर्नु हुने महासंघका पदाधिकारीज्यूहरू, सदस्यहरू, प्रदेश च्याप्टरका अध्यक्ष तथा पदाधिकारीहरू, स्टार्टअप एण्ड इनोभेशन फोरमका सदस्यहरू, स्टार्टअप नेशनल नेटवर्कका सदस्यहरू तथा सम्पूर्ण उद्यमी समुदायप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यो बुलेटिन, हामीले संचालन गरेका गतिविधि, उपलब्धि तथा आगामी योजनाको झलक मात्र नभै, नवप्रवर्तन र उद्यमशीलताप्रति हाम्रो प्रतिवद्धताको प्रतिबिम्ब पनि हो। आशा छ यसप्रकारका कार्यले आगामी दिनमा नयाँ विचार, प्रेरणा र सहकार्यको मार्ग प्रशस्त गर्नेछ।

फोरमको रणनीति अनुसारका गतिविधिहरूलाई सफल संचालन तथा व्यवस्थापनमा मलाई सहयोग गर्नुहुने महासंघ सचिवालय परिवार प्रति कृतज्ञ छु।

The Startup and Innovation Forum is pleased to share that it worked under five major themes in the term. These themes were selected based on the needs of the startup ecosystem in Nepal and the forum's strengths and capabilities. The forum believes that these themes are essential for the development of a thriving startup ecosystem in Nepal.

The forum believes that by working under these five themes, it can make a significant contribution to the development of a thriving startup ecosystem in Nepal. The forum is committed to working with its partners and stakeholders to achieve its goals and help Nepali startups to succeed. Here are the themes for startup and innovation promotion:

### Theme 1: Policy Advocacy and Awareness Raising

This theme focuses on promoting policies and regulations that support startups and entrepreneurs. It also includes raising awareness of the importance of startups and entrepreneurship to the economy.

### Theme 2: Research and Knowledge Creation

This theme focuses on conducting research on startups and entrepreneurship. It also includes creating and disseminating knowledge about startups and entrepreneurship to entrepreneurs, policymakers, and other stakeholders.

### Theme 3: Capacity Building

This theme focuses on providing training and support to startups and stakeholders. It includes workshops, seminars, and other events that can help startups and entrepreneurs to develop the skills and knowledge they need to succeed.

### Theme 4: Startup & Innovation Promotion


This theme focuses on promoting startups and innovation throughout the ecosystem. It includes identifying role models, inspirational speakers, promoting business development services and supporting trainers and resource person.

### Theme 5: Networking and Collaboration

This theme focuses on conducting research on startups and entrepreneurship. It also includes creating and disseminating knowledge about startups and entrepreneurship to entrepreneurs, policymakers, and other stakeholders.

# स्टार्टअप नेशनल नेटवर्कमा प्रदेश, जिल्ला, नगर, वस्तुगत र NYEF सम्मको प्रतिनिधित्व

नेपाल उद्योग वाणिज्य महासंघ अर्न्तगतको स्टार्टअप एण्ड इन्नोभेशन फोरमले अंगिकार गरेको रणनीति नं. ५ अर्न्तगतबाट स्टार्टअपलाई राष्ट्रिय रूपमा पहिचान तथा सूचनालाई राष्ट्रव्यापी गराउने उद्देश्यले जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ, NYEF, स्टार्टअपमा आबद्ध केन्द्र, प्रदेश र स्थानीय व्यवसायीक संगठन तथा व्यक्तित्वहरूलाई समावेश गरेर महासंघ स्टार्टअप नेशनल नेटवर्क (WhatsApp Live Network) निर्माण गरिएको छ। हालसम्म उक्त नेटवर्कमा ७ प्रदेश, ३५ जिल्ला नगर, १४ बस्तुगत र १६ NYEF र व्यक्ति समेत गरी जम्मा ९८ जना जोडिनु भएको छ । यसको उद्देश्य राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आयोजना भइरहेका तथा हुन लागेका स्टार्टअप ईभेन्ट, स्टार्टअप उद्यम कर्जा, आदि बिषयहरू लगायत स्टार्टअप सम्बन्धी कुनै पनि किसिमका जानकारीका बारेमा सूचना आदानप्रदान गर्नु रहेको छ ।



# नेपालमा स्टार्टअप पर्यावरण



इ. उमेश कुमार गुप्ता

## भूमिका

नेपालमा उद्यमशीलता र नवप्रवर्तनप्रति युवाहरूको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ। परम्परागत रोजगारीको सीमितताका कारण धेरै युवाहरू नवीतम सोचका साथ आफ्नै व्यवसाय सुरू गर्ने दिशातर्फ अग्रसर भएका छन्। यही सन्दर्भमा "स्टार्टअप" अवधारणाले नेपालमा महत्वपूर्ण स्थान बनाउँदै लगेको छ। स्टार्टअप प्रवर्द्धनका लागि नेपाल सरकारले नीति, कार्यविधि, कार्यक्रम तथा सहुलियत कर्जाको व्यवस्था गरेको छ, जसले आर्थिक विकास र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले संस्थागत रूपमा स्टार्टअप पर्यावरण निर्माण गर्न र नवप्रवर्तनलाई प्रोत्साहन गर्न राष्ट्रिय स्तरमा रणनीतिक, समन्वयात्मक र परिणाममुखी भूमिका निर्वाह गरिरहेको छ।

## नेपाल सरकारको स्टार्टअप नीति

नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र नवप्रवर्तनमुखी विकासका लागि नेपाल सरकारले स्टार्टअप प्रवर्द्धन गर्न राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८१ लागू गरेको छ। यस नीतिको मुख्य उद्देश्य स्वदेशी तथा विदेशी लगानीमा स्टार्टअप उद्यमको स्थापना तथा सञ्चालनलाई प्रोत्साहित गर्नु, नवप्रवर्तनमार्फत उद्यमशीलताको विकास गर्न साझेदारी प्रवर्द्धन गर्नु, स्टार्टअप उद्यमलाई बढावा दिन वित्तीय प्रोत्साहन तथा पहुँच अभिवृद्धि गर्नु हो।

## स्टार्टअप उद्यम कर्जा र यसको उपयोग

स्टार्टअपहरूको विभिन्न समस्याहरू मध्ये एउटा समस्या आवश्यक बीउ पूँजी हो। यस समस्यालाई समाधान गर्न सरकारले स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन गरेको छ। साथै कोचिङ, मेन्टरीङ र सल्लाहकार सेवा पनि प्रदान गरिरहेको छ।

## स्टार्टअप उद्यम कर्जा कार्यक्रम

आ.व. २०८०/८१ सञ्चालित कार्यक्रमको परियोजना प्रस्ताव आह्वान गरेकोमा कुल १,६५८ प्रस्ताव प्राप्त भएको र मूल्याङ्कन समितिले उक्त प्रस्ताव अध्ययन गरी योग्यसूचीमा ३९४ परियोजना प्रस्ताव छनोट गरेको मा परियोजना प्रस्तुतिकरणका लागि सूचना आह्वान भएपश्चात् तोकिएको समयभित्र ३३५ परियोजनाका प्रस्तावकले प्रस्तुतीकरण गरेको र मूल्याङ्कन समितिले प्रदान गरेको औसत अङ्क र बैङ्कको क्रेडिट अप्राइजलसमेत जोडी ५० प्रतिशतभन्दा बढी अङ्कभार प्राप्त गर्ने १८३ परियोजनालाई स्टार्टअप उद्यम कर्जाका लागि राष्ट्रिय वाणिज्य बैंकमा सिफारिस गरिएको मा आ.व. २०८०/८१ को अन्तसम्म १६५ परियोजनाले स्टार्टअप उद्यम कर्जा प्राप्त गरेको थियो। आ.व २०८१/८२ मा कुल ५,१५८ प्रस्ताव प्राप्त भएको र मूल्याङ्कन समितिले उक्त प्रस्ताव अध्ययन गरी योग्यसूचीमा १,३१४ परियोजना प्रस्ताव छनोट गरेको मा परियोजना प्रस्तुतीकरणका लागि सूचना आह्वान भएपश्चात् तोकिएको समयभित्र १,०७३ परियोजनाका प्रस्तावकले प्रस्तुतीकरण गरेको र मूल्याङ्कन समितिले प्रदान गरेको औसत अङ्क र बैङ्कको क्रेडिट अप्राइजलसमेत जोडी ५० प्रतिशतभन्दा बढी अङ्कभार प्राप्त गर्ने ६६१ परियोजना लाई कर्जा प्रवाह गर्न राष्ट्रिय वाणिज्य बैंक लाई सिफारिस गरेकोमा २०८२ असार मसान्तसम्म ६०० प्रस्तावकले कर्जा प्राप्त गरेको थियो।

आ.व. २०८२/८३ सञ्चालित कार्यक्रमको परियोजना प्रस्ताव आह्वान लागि २१ दिनको सूचना प्रकाशित गरेकोमा कुल १०,२४४ प्रस्ताव प्राप्त भएका छन्।

## सारांश तालिका

| आर्थिक वर्ष | बजेट बिनियोजन | कुल प्रस्ताव दर्ता | योग्यसूचीमा परेका परियोजना | परियोजनाका प्रस्तावकले प्रस्तुतिकरण गरेको | राष्ट्रिय वाणिज्य बैंकमा सिफारिस गरिएका परियोजना | प्रस्तावकले कर्जा प्राप्त गरेको |
|---|---|---|---|---|---|---|
| आ.व. २०८०/८१ | रू. २५ करोड | १,६५८ | ३९४ | ३३५ | १८३ | १६५ |
| आ.व. २०८१/८२ | रू. १ अर्ब | ५,१५८ | १,३१४ | १,०७३ | ६६१ | ६०० |
| आ.व. २०८२/८३ | रू. ७३ करोड | १०,२४४ | | | | |

यसरी स्टार्टअप उद्यमीले लिएको स्टार्टअप ऋणको किस्ता नियमित रूपमा भुक्तानी गरिरहेका छन् २०८२ असोज सम्ममा ७ करोड ४० लाख रूपैयाँ स्टार्टअप ऋण फिर्ता (रिपेमेन्ट) का रूपमा सरकारी खातामा फिर्ता भईसकेको छ। अन्य विस्तृत जानकारी प्रतिष्ठानको बेवशाइट www.iedi.org.np मा हेर्न सकिन्छ।

# व्यवसाय सम्बर्द्धन केन्द्र

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले स्टार्टअप पर्यावरण निर्माण गर्न नेपालमा भएका विश्वविद्यालय / शैक्षिक संस्था तथा निजि क्षेत्रसंग सहकार्य गरेर Triple Helix Model मा काम गर्दैछ। प्रतिष्ठान परिसर, त्रिपुरेश्वरमा व्यवसाय संवर्द्धन केन्द्र स्थापना भई संचालनमा रहेको छ। मेन्टरीङ, कोचिङको साथै आवश्यकतामा आधारित वित्तिय साक्षरता लगायतका कार्यक्रमहरू पनि गर्दै आएको छ। सातै प्रदेशमा सरकार, नीजि क्षेत्र र शैक्षिक संस्था मिलेर व्यवसाय संवर्द्धन केन्द्र स्थापना र संचालनमा छ। आगामी दिनमा देश भरि नै व्यवसाय संवर्द्धन सेवा विस्तार गर्ने योजना रहेको छ। राष्ट्रिय स्टार्टअप नीति २०८१, औद्योगिक व्यवसाय ऐन २०७६ मा संशोधन गरी स्टार्टअपहरूलाई विज्ञ एवम् प्राविधिक सेवा उपलब्ध गराउन उद्यम संवर्द्धन केन्द्र (बिजनेस इन्क्युवेशन सेन्टर) सञ्चालनमा ल्याउने कानूनी व्यवस्था गरेको र औद्योगिक व्यवसाय ऐन २०७६ मा संशोधन गरी स्टार्टअप उद्यमको दर्ता र स्टार्टअपलाई सुविधा उपलब्ध गराउने कानूनी व्यवस्था गरेको छ। नीतिको प्रभावकारी कार्यान्वयन, बजेट वृद्धि, निजी क्षेत्रको सहभागिता र उद्यमशील सीप विकासमा जोड दिन सकेमा स्टार्टअपहरूले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्नेछन्। दुई वर्षको अवधिमा ७६५ वटा स्टार्टअपले कर्जा प्राप्त गरी सक्रिय रूपमा उद्यम सञ्चालन गरिरहेका छन्, र दीर्घकालीन रूपमा स्टार्टअप प्रवर्द्धनले रोजगारी, नवप्रवर्तन र आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने विश्वास गर्न सकिन्छ। साथै "स्टार्टअप उद्यम कर्जा कोष" को स्थापना गर्न सकिएमा स्टार्टअप कर्जा लगायत स्टार्टअप पर्यावरणलाई अझै संस्थागत, पहुँचयोग्य र दिगो बनाउन सकिन्छ।

# स्टार्टअप अवसर र चुनौती

सामान्य रोजगारीभन्दा भिन्न, रचनात्मक र आधुनिक कामका अवसर सृजना गर्ने, युवा पुस्तालाई उद्यमशीलताको बाटोतर्फ उन्मूख गर्ने, नयाँ प्रविधि, सेवा, व्यापार मोडेल आदिका माध्यमबाट अर्थतन्त्रमा इन्नोभेसन र प्रतिस्पर्धात्मकता प्रस्तुत गर्ने, परम्परागत कृषि, सेवा वा व्यापार भन्दा डिजिटल, प्रविधि, टेक-सर्भिस, Green business जस्ता क्षेत्रहरूलाई अगाडी बढाउन र ठूला समस्याहरू (जस्तै वित्तीय समावेशीकरण, सेवा पहुँच, शिक्षा दिक्षा, स्वास्थ्य, कृषि, आदि) मा नयाँ रचनात्मक समाधान दिने भएकाले देशको दीर्घकालिन आर्थिक र सामाजिक विकासमा स्टार्टअप महत्वपूर्ण मानिन्छ।

नेपालमा स्टार्टअप विकासक्रमलाई हेर्दा हालसम्म ५०० भन्दा बढी स्टार्टअपहरू दर्ता भएको र यसको प्रमुख केन्द्र काठमाण्डौं, ललितपुर, पोखरा र चितवन रहदै आएको छ । नेपालमा धेरै स्टार्टअप युवा नवप्रवर्तनमुखी रहेको र करिब ६०% भन्दा बढी उद्यमी ३५ वर्ष मुनिका रहेको बताएको छ। अर्को एक अध्ययनका अनुसार, सन् २०२० देखि २०२५ को अवधिमा, नेपालमा प्रविधि तथा डिजिटल स्टार्टअपहरूमा करिब ४० मिलियन अमेरिकी डलरभन्दा बढी लगानी भएको बताएको छ ।

नेपालको स्टार्टअपको प्रवर्द्धनमा सरकारले बिगत ३ वर्षदेखि २५ करोड (२०७९/८०) र १ अर्ब (२०८०/८१) ऋण वितरण गरिसकेको र २०८१/८२ का लागि ७३ करोड रूपैयाँ ऋण वितरणको लागि प्रकृयामा रहेको छ। पहिलो वर्ष १६५ जना र दोस्रो वर्ष ६०० जनाले कर्जा लिईसकेको र यो आ.व.का लागि १०,२४४ ले कर्जाका लागि आवेदन भरेको बताइएको छ । यी सबै तथ्याङ्कहरू हेर्दा नेपालमा स्टार्टअप संस्कृतिको विकास हुँदैछ भन्दा कुनै अतिसयोक्ति नहोला।

एउटा नयाँ आइडियाबाट शुरू भएको सानो कम्पनी (स्टार्टअप उद्यम) भविष्यमा विशाल बन्न सक्छ भन्ने बिषयलाई नेपालका सरोकारवाला सबै पक्षले अंगिकार नगरेसम्म र राज्यका निकायहरूले परम्परागत विचारलाई नत्यागेसम्म नविनतम सोच, मान्यता र प्रविधिहरूको विकास सम्भव छैन।

नेपालका नीति नियमहरू व्यवसायमैत्री नहुनु साथै दर्ता र नविकरणका कामहरू परम्परागत र झन्झटिला हुनु एउटा नयाँ आईडियाका लागि चुनौती त छँदैछ त्यसमाथि पनि नेपालमा व्यवसायका लागि आवश्यक Fabrication Lab, सुरूवाती पुँजीमा PE/VC को सिमित पहुँच, उचित अनुगमन र तहगत लगानीको विकास हुन नसक्नु चुनौतीका रूपमा रहँदै आएका छन् । यसका अलवा, दक्ष जनशक्तिको कमी र बढ्दो brain drain का कारण युवाहरूको विदेशिने प्रवृत्तिले पनि स्टार्टअप उद्यमलाई चुनौति दिईरहेको छ। साथै चलायमान स्टार्टअप इकोसिस्टमको अभाव, पर्याप्त इन्क्युबेटर, एक्सेलेरेटर, नीति-नियम, लगानी संरचना, आदिको विकास हुन नसक्नुलाई पनि चुनौतीका रूपमा लिँदै आईएका छन् । यसैगरी सानो बजार र सीमित ग्राहकका कारण धेरै स्टार्टअपलाई आफ्नो बजार विस्तारका लागि अन्तर्राष्ट्रिय बजारका बारेमा सोच्न पर्ने, पूर्वाधार समस्या–इन्टरनेट, बिजुली, लजिस्टिक्स जस्ता आधारभूत सुविधा सबै ठाउँमा पर्याप्त नहुनु र स्टार्टअप-मैत्री कर/कर्जा/प्रोत्साहन, कानुनी संरचना आदिका कारण पनि स्टार्टअप सञ्चालन र विस्तारमा असर परेको बताएको छ।

युवाहरूको सोच, प्रविधिमा पहुँच, डिजिटल बजार, बहुक्षेत्रीय अवसर र सरकारी चासोका कारण पनि नेपालमा स्टार्टअपहरूको सम्भावना ठूलो हुँदै आएको बुझ्न सकिन्छ । तर यी अथाह सम्भावनालाई व्यवहारिक र सकारात्मक नतिजा दिनका लागि, योजनाबद्ध नीति, लगानी, संरचना र दीर्घकालीन प्रतिबद्धता आवश्यक छ। सरकार, लगानीकर्ता, शिक्षण-संस्था, निजी क्षेत्र र युवा सबैको सहकार्यमा मात्रै स्टार्टअप इकोसिस्टम (pillars of the enterprise ecosystem: (i) policy, (ii) finance, (iii) market, (iv) human capital (v) culture, (vi) business support) लाई थप मजबुत बनाउन सकिन्छन् । त्यसैले ऐन/नियमलाई अनुकूल बनाउन, लगानी प्रवाह बढाउन, दक्ष जनशक्ति विकास गर्न र स्थानिय तथा राष्ट्रिय बजारका साथै अन्तर्राष्ट्रिय बजारमा अवसर पहिचान गर्न सबैको साथ सहयोगको आवश्यकता रहन्छ।

[1] **Nepalnxt. Startups in Nepal: Scaling the Heights of Innovation and Entrepreneurship. August 13, 2025.** https://nepalnxt.com/startups-in-nepal/¿utm_source=chatgpt.com

[2] https://aruntamang.com.np/fastest-growing-business-in-nepal/¿utm_source=chatgpt.com

[3] https://www.dikshitaphuyal.com.np/2025/10/nepals-startup-ecosystem-2025-key.html¿utm_source=chatgpt.com

# राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० को परिचय तथा महत्वपूर्ण प्रावधान

**स्टार्टअप उद्यम परिभाषाः** वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, संचालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जजशील सोचको प्रयोग गरी व्यवसायको रूपमा संचालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम भनिन्छ। स्टार्टअप उद्यमले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ। देहायबमोजिमका विशेषता रहेको उद्यमलाई स्टार्टअप उद्यमका भनिएको छ;

- क) उद्यम व्यवसाय दर्ता भई दश बर्ष ननाघेको;
- ख) प्राईभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा दर्ता गर्ने निकायमा दर्ता भएको;
- ग) स्थापना भएपछिको कुनै आर्थिक बर्षमा वार्षिक कारोबार पन्ध्र करोड ननाघेको;
- घ) विगतको उद्यम व्यवसायसँग नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको;
- ङ) नवीन एवम् सिर्जनशील सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी तीव्र बृद्धिको सम्भावना भएको।

## दफा ८: उद्देश्य

- ८.१. स्टार्टअप पर्यावरणको निर्माण गरी रोजगारी सिर्जनामार्फत उत्पादन बृद्धि गर्नु।
- ८.२. स्वदेशी तथा विदेशी लगानीमा स्टार्टअप उद्यमको स्थापना बृद्धि गर्नु।
- ८.३. नवप्रवर्तन मार्फत उद्यमशीलताको विकास गर्न साझेदारी प्रवर्धन गर्नु।
- ८.४. स्टार्टअप उद्यमलाई वढावा दिन वित्तिय प्रोत्सान तथा पहुँच अभिबृद्धि गर्नु।

## दफा ९: नीति

- ९.१ स्टार्टअपको पर्यावरण निर्माणको लागि कानूनी संस्थागत तथा अन्य आवश्यक पूर्वाधार तयार गर्ने (८.१ सम्बन्धीत)।
- ९.२ स्टार्टअपमा आधारित उद्यमशिलता विकास गरी रोजगारी सृजना मार्फत उत्पादन बृद्धि गर्ने (८.१ सम्बन्धीत)।
- ९.३ स्टार्टअप उद्यमको प्रवर्धनको लागि स्वदेशी तथा विदेशी लगनीलाई प्रोत्साहित गर्ने (८.२ सम्बन्धीत)।
- ९.४ स्टार्टअप उद्यमको विकासको लागि तीन तहका सरकार प्राज्ञिक संस्था तथा निजी क्षेत्र बिच सहकार्य गर्ने (८.१ सम्बन्धीत) (८.३ सम्बन्धीत)।
- ९.५ स्टार्टअप उद्यमलाई प्रतिस्पर्धी तथा सबल बनाउन वित्तिय औजारको उपयोग गर्ने (८.४ सम्बन्धीत)।
- ९.६ स्टार्टअप उद्यमको विकास गर्न आवश्यक पर्ने स्रोत सुनिश्चितताको लागि छुट्टै कोषको व्यवस्था गर्ने (८.४ सम्बन्धीत)।


# स्टार्टअप एण्ड इन्नोभेशन फोरमले आफ्नो कार्यकाल २०८० देखि २०८२ कार्तिकसम्म गरेका प्रमुख कार्यहरुको संक्षिप्त जानकारी



२०८० असार २२ मा स्टार्टअप एण्ड इन्नोभेशन फोरमको सपथ तथा पहिलो बैठक बस्यो । पहिलो बैठकमा फोरम सदस्यहरूको काम कर्तव्य र अधिकारका बारेमा सदस्यहरूलाई जानकारी दिनका साथै रणनीतिक बैठक आयोजना गर्ने सम्बन्धमा छलफल गरिएको थियो ।



फोरमको दोस्रो तथा रणनीति तर्जुमा बैठकः २०८० श्रावण १६ मा फोरमका सदस्य सहित पदाधिकारी र स्रोतव्यक्तिको उपस्थितीमा फोरमको रणनीतिक बैठक होटल स्क्वायर, ललितपुरमा बस्नका साथै सो बैठकले ५ वटा रणनीति तयार पारेको थियो ।



राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८०

१. पृष्ठभूमि

सूचना प्रविधिको बढ्दो प्रयोग एवम् व्यवसायको क्षेत्रमा आएको सिर्जनशील सोचका कारण नयाँ तरिकाबाट व्यवसाय गर्ने उद्यमीको सङ्ख्यामा निरन्तर वृद्धि भइरहेको छ। स्टार्टअपमा आधारित उद्यमको थालनी गर्ने र सञ्चालनमा रहेको स्टार्टअपलाई स्तरोन्नति गर्न चाहने उद्यमीलाई आवश्यक ज्ञान, सिप र प्रविधिको सहयोग गर्नका साथै वित्तीय पहुँच बढाइ स्टार्टअप अनुकूल वातावरण विकास गर्नु जरुरी छ। उपर्युक्त पृष्ठभूमिमा स्टार्टअप प्रवर्धनका लागि विद्यमान नीतिगत रिक्तता पूरा गर्न स्टार्टअपसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिएको छ। नीतिको कार्यन्वयनमार्फत सङ्घ, प्रदेश र स्थानीय तहको आआफ्नो कार्यक्षेत्रमा स्टार्टअप उद्यम अनुकूल वातावरण निर्माण गरी अर्थतन्त्रमा योगदान दिन राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० जारी गरिएको छ।

२. विगतका प्रयास

पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) ले स्टार्टअप व्यवसायमा संलग्न हुने युवा उद्यमीलाई व्यवसाय सुरुवात गर्न आवश्यक प्रविधि एवम् ज्ञान र सिप उपलब्ध गराउनुको साथै सहुलियतपूर्ण कर्जा प्रवाह गरी वित्तीय पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ। स्टार्टअप व्यवसायको प्रवर्धन गर्न आर्थिक वर्ष २०७६/७७ देखि युवा उद्यमीहरूलाई परियोजना धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने कार्यक्रम सुरुवात गरिएको छ। तीन तहका सरकार र निजीक्षेत्रबाट समेत नवीनतम ज्ञान, सिप र क्षमता भएका युवाहरूलाई व्यवसाय सञ्चालन गर्न पुँजी र प्रविधि सहयोग हुँदै आएको छ।

३. वर्तमान अवस्था

स्टार्टअप उद्यमले उल्लेख्य मात्रामा रोजगारी सिर्जना गर्नुको साथै अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिएको छ। विश्वका सबैभन्दा ठूला कम्पनीमध्ये सूचना प्रविधि सम्बद्ध कम्पनी भएको तथ्यबाट स्टार्टअप प्रवर्धनमा प्रविधिको महत्त्व स्वयं स्पष्ट हुन्छ। स्टार्टअपका क्षेत्रमा एसियाली राष्ट्रले पनि निकै छिटो प्रगति गरिरहेका छन्।

इन्टरनेट र स्मार्टफोनको प्रयोग एवम् विस्तारले नवउद्यमीहरूको ज्ञान र सूचनामा पहुँच, उद्यमशीलताप्रतिको चाख र आकर्षण तीव्र रूपमा वृद्धि भएको छ। विशेषतः विश्वव्यापीकरणको प्रभावस्वरूप प्रविधिको विकास र नवप्रवर्तनकारी परिवर्तनबाट युवालाई उद्यम व्यवसाय सुरु गर्न प्रेरणा मिलेको छ। विश्वव्यापी रूपमा उद्यमशीलता प्रवर्धनका क्षेत्रमा विकसित नवीनतम उपलब्धिलाई प्रयोग गर्न नेपाली युवा पनि सक्षम र उत्प्रेरित छन्। स्टार्टअप व्यवसायमा स्वपुँजी वा ऋणमा लगानी गर्न केही मात्रामा भएपनि भेन्चर क्यापिटल, प्राइभेट इक्विटी तथा इन्भेष्टमेण्ट कम्पनीहरू स्थापित भएका छन्।

१

राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८०ः नेपाल उद्योग वाणिज्य महासंघको तत्कालिन स्टार्टअप एण्ड इन्नोभेशन समितिले मस्यौदा तयार गरेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई उपलब्ध गराए र हालको स्टार्टअप एण्ड इन्नोभेशन फोरमको नियमित पहलमा मिति २०८१ जेष्ठमा मन्त्रालयले कार्यान्वयनमा ल्याएको ।




स्टार्टअप नेशन २०३०ः मिति २०८० भाद्र ११ र १२ गते सन् २०२३ को स्टार्टअप सम्मेलनले आउने ७ वर्ष भित्र नेपाललाई "स्टार्टअप" मुलूक बनाउने लक्ष्य लिएको थियो । सम्मेलन काठमाण्डौमा सम्पन्न भएको थियो भने मिति २०८१ भाद्र ५ गते २०२४ मा आयोजना गरिएको सो सम्मेलनले २०३० सम्म नेपाललाई दक्षिण एशियामा स्टार्टअप-मैत्री राष्ट्का रूपमा स्थापित गर्ने थियो ।




वार्षिक नीति, कार्यक्रम र बजेटका लागि सुझावः स्टार्टअप प्रवर्द्धनार्थ फोरमका तर्फबाट प्रत्येक बर्ष सजिलो दर्ता, सहुलियत कर्जा, ह्याइहोल्डिङ, १० बर्ष कर छुट, प्रविधि सहितका स्टार्टअपलाई कम्तिमा ६ बर्षका लागि बिना व्याजे ऋण, सरकारी बैकल्पिक लगानी कोष, स्टार्टअप बोर्ड सम्बन्धमा सुझावहरू गरिएको ।




स्टार्टअप नीति सम्बादः राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० कार्यान्वयनमा आएसँगै नीतिमा भएका व्यवस्था, नीतिको उद्देश्य, नीतिको रणनीति र कार्यनीतिका बारेमा स्टार्टअप एण्ड इन्नोभेशन फोरमले बहस आयोजना गरेका थियो र उक्त बहसमा पायोनियर ल फमले फोरमलाई सहयोग गरेको थियो ।




स्टार्टअप मधेश २०२५-२०३५ः २०२४ नोभेम्बर ९ मा स्टार्टअप एण्ड इन्नोभेशन फोरमको सहजिकरणमा मधेश प्रादेशिक सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानसंगको सहकार्यमा मधेश प्रदेश स्टार्टअप समितिले "मधेश स्टार्टअप तथा उद्यमी सम्मेलन" सम्पन्न गरिएको थियो ।



उद्यमशिलता ईकोसिस्टमका लागि समुदायमा आधारीत ईन्क्यूवेशन भर्चुअल तालिमः स्टार्टअप एण्ड इन्नोभेशन फोरमले उद्यमशिलता ईकोसिस्टमको क्षमता अभिबृद्धिका लागि PUM नेदरल्याण्डससंगको सहकार्यमा फोरमले मिति २०८० चैत्र १४ गते देखि ५ हप्ते भर्चुअल तालिम (Master Class) संचालन गरेको थियो ।




नेपाल युवा उद्यमी मञ्च स्टार्टअप अवार्डः नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको युवा उद्यमी मञ्चले वार्षिक आयोजना गर्दै आएको स्टार्टअप अवार्ड २०२४ र २०२५ लाई महासंघबाट आर्थिक र फोरमका तर्फबाट Keynote Speaker का रूपमा सहयोग प्रदान गरेको थियो ।



स्टार्टअप उद्यम कर्जा संचालन कार्यीबिधि सम्बादः सरकारद्धारा संचालीत स्टार्टअप कर्जा र त्यसको कार्यबिधिका बारेमा जानकारी दिने उद्देश्यले महासंघ स्टार्टअप एण्ड इन्नोभेशन फोरमका सभापतिको अध्यक्षतामा सम्बाद कार्यक्रमको आयोजना गर्दै आएको छ ।



कर्णाली प्रदेश स्तरीय स्टार्टअप संबादः मिति २०८२ भदौ १७ मा स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्वारा कर्णाली प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।



सुदूरपश्चिम प्रदेश स्तरीय स्टार्टअप संबादः मिति २०८२ भदौ २३, स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्वारा सुदूरपश्चिम प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।



स्टार्टअप एण्ड इन्नोभेशन फोरम १६औ बैठकः जेनजी आन्दोलनले स्टार्टअप तथा समग्र व्यवसायमा पारेको प्रभाव, पुर्नउत्थानका लागि महासंघ र फोरमले गर्न सक्ने प्रयास र FNCCI ईन्क्यूवेशनको सम्भाव्यता र प्रभावकारीताका बारेमा मिति २०८२ कार्तिक १४ गते फोरमको १६ औं बैठकमा छलफल गरिएको थियो ।



मधेश प्रदेश स्तरीय स्टार्टअप संबादः मिति २०८२ आश्विन ०४ स्टार्टअप नीति, स्टार्टअप कर्जा र प्रदेशको स्टार्टअपको अवस्था बारे जानकारी दिने र लिने उद्देश्यले IEDI संगको सहकार्यमा महासंघद्धारा मधेश प्रदेश स्तरीय स्टार्टअप सम्बाद आयोजना गरेको ।




नेउवामहासंघ उद्यम सम्बादः मिति २०८१ मंसीर ३ मा स्टार्टअप, लघु, घरेलु तथा साना उद्यम, ICT, अन्तर्राष्ट्रिय लगानी समिति तथा फोरमहरूको सहकार्यमा महासंघले स्टार्टअप उद्यम, लघु तथा साना उद्यम, ICT र अन्तर्राष्ट्रिय लगानीका बारेमा बृहत संबाद कार्यक्रम आयोजना गरिएको । स्टार्टअप एण्ड इन्नोभेशन फोरमका तर्फबाट सभापतिज्यूले स्टार्टअप नीतिका बारेमा बहस गर्नका साथै प्यानलको मोडरेशन पनि गर्नु भएको ।



स्टार्टअप र महिला उद्यमशिलता विषयक अर्न्तक्रियाः मिति २०८२ माघ २६ गते नेपाल उद्योग वाणिज्यसंघमा स्टार्टअप एण्ड इन्नोभेशन फोरम र महिला उद्यमी विकास समितिले डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको सहकार्यमा स्टार्टअप र महिला उद्यमशिलताका बारेमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरेको । सभापतिद्वय जूना माथेमा र कमला श्रेष्ठले सहजिकरण गरेको उक्त कार्यक्रमको कन्या क्याम्पसका ४० जना विद्यार्थिहरूको सहभागी रहेको थियो ।



विराट एक्सपोः २०८१ माघ १८ गते कोशी प्रदेशको बिराटनगरमा आयोजित बिराट एक्सपोमा फोरमका सभापती स्टार्टअप सम्बन्धी प्यानल छलफलमा भाग लिनुभएको थियो । कार्यक्रममा विराटनगर स्थानिय स्टर्टअपको pitching कार्यक्रम पनि थियो ।



स्टार्टअप महाकुम्भः भारतीय दुतावासको सहायतामा भारतको दिल्लीमा आयोजित स्टार्टअप महाकुम्भमा सहभागी भएका २० स्टार्टअपहरू सँग २०८२ बैशाख १६ मा अन्तरकृया कार्यक्रममा भएको थियो । सो महाकुम्भमा सहभागी जुटाउन फोरमले सकृय भुमिका खेलेको थियो ।



प्लाटफोर्म ईकोनोमी ईन साउथ एसियाः २०८२ साउन २० मा श्रीलंकाको कोलम्बोमा ILO को आयोजनामा रोजगारदाता र प्लाटफोर्ममा आधारित उद्यमीहरूको वृहत छलफल कार्यक्रममा फोरमका सभापती लगायत फोरमका उपसभापतीको सहभागीता थियो ।



बार्षिक बजेटका लागि सुझावः २०८१ चैत्र २० गते फोरमका सभापति लगाएत सदस्यहरूले स्टार्टअप र ईन्नोभेसनमा केन्द्रित रहि अर्थ मन्त्रालयलाई सुझाव पेश गरेको थियो ।



मिति २०८२ फागुन ०५ गते बसेको स्टार्टअप तथा इनोभेशन फोरम १७ औं बैठकमा फोरमको आफ्नो कार्यकालमा सम्पन्न गरेका र आगामी दिनमा गर्न पर्ने कामहरूका बारेमा जानकारी गराएको थियो । बैठक नेउवामहासंघका बरिष्ठ उपाध्यक्षज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । बैठकमा स्टार्टअपको प्रवर्द्धनका लागि नीतिगत सुधार, लगानीमैत्री वातावरण र उद्यमशीलता विकासलाई प्राथमिकतामा राख्नुपर्ने बिषयमा छलफल भएको थियो ।

# अन्य गतिविधिहरु

क. मिति २०८० जेष्ठ ३०- असार २ मा भारतको कलकत्तामा सम्पन्न BIMSTEC Business Conclave सम्मेलनमा महासंघ अध्यक्ष सहितको प्रतिनिधिमण्डलले भाग लिन गएको समयमा फोरम सभापतीद्वारा स्टार्टअप सम्बन्धी प्यानल छलफलमा भाग लिनुभएको थियो । स्टार्टअप कार्यान्वयन सम्बन्धमा भएका Best practice को बारेमा व्यवसायी तथा संस्थाहरूका बिच अनुभव आदनप्रदान गरिएको ।

ख. मिति २०८० आषाढ २५ देखि श्रावण ५ मा ITCILO ईटलीको आयोजनामा संचालीत बैदेशिक रोजगार र त्यसबाट फर्केकाहरूको पुनःएकिकरण बिषयको १५ दिनको तालिममा फोरम सभापतिज्यू सहभागी भई वहाँकै अगुवाईमा महासंघमा समेत पुनःएकिकरण निर्देशिका तर्जुमा गरिएको ।

ग. त्यस्तै, ICIMOD द्वारा मिति २०८० कार्तिक १५ देखी एक हप्ताका लागि भारतमा आयोजना गरिएको एग्रो स्टार्टअप भारत भ्रमणमा सहभागी भई त्यहाँबाट सिकेका कुरालाई नेपालमा कार्यान्वयन गर्न नेपाल सरकार, नेउवामहासंघ र सम्बन्धीत अन्य निकायहरूसंग समन्वय गरी ७ प्रदेशका लागि ७ वटा ईन्कुबेशन सेन्टर स्थापनाको विस्तृत विवरण सहित माननीय अर्थमन्त्रिज्यूलाई प्रस्ताव पेश गरिएको ।

घ. बिद्युतीय व्यापार बिद्येयक २०८०, स्टार्टअप कर्जा संचालन कार्यविधि २०८०, २०८१ र २०८२, र गिग ईकोनोमि नीति आदिको तर्जुमा र परिमार्जन सम्बन्धमा नेपाल सरकार तथा अन्य निकायद्धारा आयोजित छलफल तथा बैठकहरूमा सभापतिज्यू र अन्य सदस्यहरूको सक्रिय सहभागिता रहेको ।

ङ. राष्ट्रिय युवा परिषद, सानोठिमीसंग नवउद्धम तथा स्टार्टअप कार्यक्रमहरूमा सहकार्य तथा समन्वय गरिदै आएको । आ.ब. २०८०/२०८१ का लागि परिषदले आयोजना गर्ने स्टार्टअप पिचिङ कार्यक्रममा बिचारहरूको छनौटमा स्टार्टअप एण्ड इन्नोभेशन फोरमले सुरूदेखीनै सहभागी भई परिषदलाई सक्रिय सहयोग गरेको थियो ।

च. नेपाल उद्योग वाणिज्य महासंघद्धारा दिगो उद्यमशीलता, व्यवसाय वृद्धि तथा क्षेत्रीय सहकार्यका लागि ६-७ नोभेम्बर २०२३ मा नेपालमा आयोजित कन्फेडेरेसन अफ एसिया-प्यासिफिक चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (CACCI) को ३७औं सम्मेलनले नेपालमा स्टार्टअप, नवप्रवर्तन (Innovation) र लगानीका अवसरहरूको बारेमा छलफल गरेको र सो कार्यक्रममा सभापतिज्यूले नेपालको स्टार्टअप ईकोसिस्टमका बारेमा प्रस्तुति गर्नु भएको थियो ।

छ. सन् २०२४ को अप्रिल २८-२९ आयोजित तेस्रो नेपाल लगानी सम्मेलनमा सभापतिज्यूद्धारा 'Enhancing Nepal's Startup Climate and Ease of Doing Business' शिर्षकमा नीति सुधार, प्रशासनिक झन्झट (रेड टेप) घटाउने तथा नवप्रवर्तन प्रवर्द्धन गर्ने विषयमा केन्द्रित भई छलफल आयोजना भएको थियो ।

ज. नेपालको स्टार्टअप इकोसिस्टमलाई भारतमा आयोजना हुने स्टार्टअप महाकुम्भ, मेलाहरूमा नेपालको सहभागीता तथा आइआईटी स्टार्टअप मद्रासमा नेपालका स्टार्टअपहरूलाई सहभागी गराउने सन्दभमा नेपाल स्थित भारतीय दुतावासद्धारा आयोजित कार्यक्रमहरूमा महासंघका तर्फबाट स्टार्टअप एण्ड इन्नोभेशन फोरमका सभापतिज्यू स्वयम सहभागी भई महासंघका तर्फबाट धारणा राख्नु भएको । उक्त समयमा सभापतिजूले नेपाल उद्योग वाणिज्य महासंघको ७७ वटै जिल्लामा आफ्नो नेटवर्क र स्टार्टअपले पनि स्टार्टअप नेशनल नेटवर्क स्थापना गरि समन्वयका कामहरू गरिरहेकाले यसकार्यमा ईच्छुक स्टार्टअपहरूसंग दुतावससंग समन्वय गर्ने कार्यमा आवश्यक सहयोग गर्न सकिने धारणा व्यक्त गर्नु भएको थियो ।

# सरकार तथा विश्वविद्यालय समितिहरुमा महासंघबाट सदस्य मनोनयन

| क्र.सं. | प्रतिनिधित्व गर्ने निकाय र विषय | प्रतिनिधि |
|---|---|---|
| १ | स्टार्टअप तथा सूचना प्रविधि क्षेत्रलाई अर्थतन्त्रको सम्बाहक क्षेत्रको रूपमा स्थापीत गर्न नीतिगत, कानूनी तथा संस्थागत सुधार सम्बन्धमा अध्ययन प्रतिवेदन समिति, अर्थ मन्त्रालय, नेपाल सरकार | जूना माथेमा |
| २ | त्रि.वि. ईन्क्यूबेसन, व्यवसाय प्रवर्द्धन केन्द्र, अर्थशास्त्र विभाग, कीर्तिपुर | जूना माथेमा र हरि पौडेल |
| ३ | स्टार्टअप कर्जा संचालन समिति बिज्ञ, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, त्रिपुरेश्वर | हरि पौडेल |

# स्टार्टअप उद्यम विकासका लागि सरकारी पहलकदमी

- **२०७९ जेठ १० गते** — सरकारको नीति तथा कार्यक्रम, २०७९/८०
- **२०७९ फागुन १० गते** — स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यविधि, २०७९
- **२०८० जेठ ०५ गते** — सरकारको नीति तथा कार्यक्रम, २०८०/८१
- **२०८१ वैशाख २० गते** — राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१
- **२०८१ असार २४ गते** — केही नेपाल ऐनहरू संशोधन गर्न बनेको अध्यादेश, २०८१ ले स्टार्टअप परिभाषालाई संशोधन गर्न पारित गरेको ।
- **२०८२ कार्तिक ३० गते** — व्यवसाय सम्वर्धन सेवा तथा व्यवस्थापन कार्यविधि, २०८२
- **२०८२ भाद्र १९ गते** — स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यविधि, २०८२
- **२०८१ माघ ११ गते** — स्टार्टअप कर्जा कार्यक्रम संचालन कार्यविधि, २०८१
- **२०८१ पुष २९ गते** — आर्थिक तथा व्यवसायिक वातावरणको सुधार र लगानी प्रवर्द्धन सम्बन्धी केही नेपाल कानूनहरू संशोधन गर्न बनाइएको अध्यादेश, २०८१ ले ११ वटा कानूनहरुमा संशोधन पारित गरेको ।

## Key Players in Startup Ecosystem of Nepal

## Events & Awards for Startups in Nepal

## Key Players (Support)

## स्टार्टअपको परिभाषा

**स्टार्टअप उद्यम**

वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सृजनशील सोचको प्रयोग गरी व्यवसायको रुपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम भनिन्छ ।

स्टार्टअप उद्यमले सूचना प्रविधिको उपयोग एवंम् सृजनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ ।



नवीन एवम् सृजनशील सोचलाई उद्यम व्यवसायको रुपमा रुपान्तरण गरी **तिव्र वृद्धिको सम्भावना भएको**

उद्यम व्यवसाय **दर्ता भई दश वर्ष ननाघेको**

**प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रुपमा** दर्ता गर्ने निकायमा दर्ता भएको

विगतको उद्यम व्यवसायसँग **नगाभिवा नटुक्रि नयाँ उद्यम** व्यवसाय गरेको

स्थापना भएपछिको कुनै आर्थिक वर्षमा वार्षिक **कारोबार पन्ध्र करोड ननाघेको**

## २०८०–२०८२ का लागि स्टार्टअप एण्ड इन्नोभेशन फोरम सदस्यहरु

| पद | नाम | पद | नाम | पद | नाम |
|---|---|---|---|---|---|
| १. सभापति | जूना माथेमा | ८. सदस्य | सत्यम केडिया | १५. आमन्त्रित सदस्य | सरोजकाजी श्रेष्ठ |
| २. उप-सभापति | रन्जिभ श्रेष्ठ | ९. सदस्य | साम्राज्यमान श्रेष्ठ | १६. आमन्त्रित सदस्य | निश्चल सिंह भण्डारी |
| ३. सदस्य | निरज खनाल | १०. आमन्त्रित सदस्य | अनु जोशी | १७. सल्लाहकार | दिप्त शाह |
| ४. सदस्य | अनुभव श्रेष्ठ | ११. आमन्त्रित सदस्य | डा. देवराज पनेरू | १८. सल्लाहकार | पारश चित्रकार |
| ५. सदस्य | निभिता प्रधान | १२. आमन्त्रित सदस्य | दिपक पनेरू | १९. सचिवालय | हरि पौडेल |
| ६. सदस्य | प्रसन्ना बस्नेत | १३. आमन्त्रित सदस्य | सुरेन्द्र बोहरा | | |
| ७. सदस्य | निर्देश द्वा | १४. आमन्त्रित सदस्य | अनुप अग्रवाल | | |

**प्रकाशन:**
स्टार्टअप एण्ड इन्नोभेशन फोरम, नेउवामहासंघ,
पो.ब.नं. २६९, टेकु, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-१-५३६२०६१, ५३६६८८९
फ्याक्स : ९७७-१-५३६१०२२, ५३६२००७
ईमेलः fncci@mos.com.np, hari@fncci.org
वेबसाइटः www.fncci.org